**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल**
**माननीय न्यायाधीश श्री नृपध्वज निरौला**

**आदेश**

**०८१-WH-०११३**

**मुद्दाः- बन्दी प्रत्यक्षीकरण।**

झापा जिल्ला, विर्तामोड नगरपालिका वडा नं. १ नविन टोलमा स्थायी घर भई हाल कारागार कार्यालय, चन्द्रगढी झापामा थुनामा रहेको वृखबहादुर श्रेष्ठको नाती, रामबहादुर श्रेष्ठको छोरा राजकुमार श्रेष्ठ ........................................................................१ — निवेदक

**विरुद्ध**

झापा जिल्ला अदालत, चन्द्रगढी झापा.........................................................................१
कारागार कार्यालय, चन्द्रगढी झापा ........................................................................१ — विपक्षी

नेपालको संविधानको धारा ४६ तथा धारा १३३ को उपधारा (२) र (३) बमोजिम दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवम् निर्णय यसप्रकार रहेको छः-

**तथ्य खण्ड**

१. म निवेदकउपर झापा जिल्ला अदालतमा दायर भएको ०७४-CR-०३७२ नं. को ठगी मुद्दामा झापा जिल्ला अदालतबाट एक वर्ष कैद र रु. १०,०००।- जरिवाना हुने ठहर गरी फैसला भएको थियो। उक्त फैसलाउपर मैले उच्च अदालत विराटनगर, इलाम इजलास समक्ष पुनरावेदन दायर गरेकोमा उच्च अदालत विरानगर, इलाम इजलासबाट मिति २०८१/०२/३० मा फैसला हुँदा झापा जिल्ला अदालतबाट भएको फैसला सदर भएको सम्म उच्च अदालतको वेभसाइडमा उल्लेख भएको देखिन्छ। उक्त मुद्दामा भएको फैसलाको पूर्णपाठ तयार नभएको र पूर्णपाठ तयारै नभई मुद्दाको फैसलाको कार्यान्वयनको



Scanned with CamScanner

नाममा मलाई मिति २०८१/०५/२९ गते पसलमा रहेको समयमा प्रहरी आई पक्राउ गरी कारागार कार्यालय झापामा राखेको हुँदा प्रस्तुत मुद्दाको रोहमा मिति २०८१/०५/२९ गते देखि कारागार कार्यालय झापामा थुनामा रहेको छु।

२. झापा जिल्ला अदालतले ०७४-CR-०३७२ नं. को ठगी मुद्दामा माग गरेबमोजिमको धरौटवापतको रकम मिति २०७६/१०/२१ गते रसिद नं. ४९९ बाट रु.७०,०००/- नगदै अदालत समक्ष दाखिला गरी तारेखमा रही मुद्दाको पुर्पक्ष गर्दै आएको र उच्च अदालत विराटनगर, इलाम इजलास समक्ष पुनरावेदन दायर गर्दाका वखत समेत मुलकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ को उपदफा (२) र उपदफा (४) बमोजिम कैद र जरिवानावापतको अपुग रकम दाखिला गरी पुनरावदेन दायर गरी तारेखमा रही मुद्दाको पुर्पक्ष गर्दै आएको निवेदन गर्दछु। मैले न्याय प्रशासन ऐन, २०७३ को दफा १२ बमोजिम सर्वोच्च अदालतमा निवेदन दिन पाउने अवस्थासमेत विद्यमान रहेको छ। उच्च अदालत विराटनगर, इलाम इजलासबाट फैसला भई पुर्णपाठ तयार नहुँदै मलाई फैसला कार्यान्वयन प्रयोजनार्थ थुनामा पठाएको कुरा फैसला अन्तिमताको सिद्धान्त र कार्यविधि कानूनको पूर्ण पालना नहुनुका साथै अन्तिम फैसलाले अपराधी घोषित नगरेसम्म निर्दोष सरह व्यवहार गर्नु पर्ने भन्ने अपराध कानूनको सिद्धान्त, नेपालको संविधान २०७२ ले गरेको मौलिक हक सम्बन्धी व्यवस्था, प्राकृतिक न्यायको मान्य सिद्धान्त, प्रतिपादित नजिरहरु र फौजदारी न्यायको मान्य सिद्धान्तको प्रतिकुल म निवेदकलाई गैरकानुनी थुनामा राखेको हुँदा बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरी थुना मुक्त गरिपाऊँ भन्ने व्यहोराको रिट निवेदन।

३. यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिम बन्दी प्रत्यक्षीकरणको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए सोको आधार कारणसहित यो आदेश प्राप्त भएको मितिले बाटोको म्यादबाहेक ३ (तीन) दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी विपक्षीहरूको नाउँमा यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई म्यादभित्र लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नू भन्ने व्यहोराको यस अदालतको मिति २०८१।६।१६ को आदेश।

४. वादी नेपाल सरकार प्रतिवादी राजकुमार श्रेष्ठसमेत भएको मुद्दा नं. ०७४-CR-०३७२ को ठगी मुद्दामा झापा जिल्ला अदालतको मिति २०७८।९।२३ को फैसला



Scanned with CamScanner

तथा सो फैसला सदर गर्ने गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०८१।२।३० को फैसला बमोजिम १-०-० (एक वर्ष) कैद र रु.१०,०००। जरिवाना हुने ठहरी फैसला भई सो फैसलाबमोजिम यस अदालतको लगत नं. ५/१४९२ मा लगत कायम भएका निज प्रतिवादी राजकुमार श्रेष्ठलाई श्री सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयद्वारा गठित पूर्णकालीन दस्ता झापाद्वारा पक्राउ परी ठहरेको कैद जरिवानामध्ये बेरुजु रहेको कैद भुक्तानका लागि यस अदालतको च.नं. TH/६०५, मिति २०८१।०५।३० को कैदी पूर्जीबाट कारागार कार्यालय भद्रपुर, झापामा कैदमा पठाइएको हो। प्रस्तुत मुद्दामा यस अदालतको फैसलाउपर यी निवेदक/प्रतिवादीको पुनरावेदन परेको र उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०८१।०२।३० मा झापा जिल्ला अदालतको फैसला सदर गर्ने गरी फैसला भएको CMS प्रणालीमा देखिएको, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५३ को उपदफा (३) मा भएको व्यवस्था तथा न्याय प्रशासन ऐन, २०७३ को दफा ९ को कानूनी व्यवस्थाअनुसार निज निवेदक प्रतिवादीले पुनरावेदन गर्न सक्ने अवस्था नरहेको अवस्थामा निजलाई बेरुजु कैद जरिवाना भुक्तानको प्रयोजनार्थ पक्राउ गर्न र नियमानुसारको कैदी पूर्जी दिई कारागार कार्यालयमा कैदमा राख्न पठाउन कुनै बाधा नहुने भई सो कार्य पूर्णरुपमा कानूनसम्मत भएकाले प्रस्तुत बन्दी प्रत्यक्षीकरणको निवेदन खारेज गरिपाउँ भन्ने व्यहोराको झापा जिल्ला अदालतकोतर्फबाट पेश भएको लिखित जवाफ।

५. अन्य विपक्षीको लिखित जवाफ नपरेको।

## ठहर खण्ड

६. नियमबमोजिम दैनिक पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदन तथा लिखित जवाफसहितको मिसिल कागजात अध्ययन गरियो।

७. निवेदककातर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री विजयप्रसाद मिश्र तथा विद्वान अधिवक्ताहरु श्री लक्ष्मीप्रसाद मैनाली र श्री हरिप्रसाद मैनालीले ठगी मुद्दामा झापा जिल्ला अदालतबाट एक वर्ष कैद र रु. १०,०००।— (दश हजार रुपैयाँ) जरिवाना हुने ठहर गरी भएको फैसला उच्च अदालत विरानगर, इलाम इजलासबाट सदर भएकोमा उक्त मुद्दामा भएको फैसलाको पूर्णपाठ तयार समेत नभएको र सर्वोच्च अदालतमा मुद्दा दोहोर्‍याई पाउँ भनी निवेदन दिने म्याद बाँकी नै रहेको अवस्थामा फैसलाको कार्यान्वयनको



Scanned with CamScanner

नाममा पक्राउ गरिएको गैरकानुनी हुँदा बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरी यस्तो गैरकानूनी थुनाबाट मुक्त गरिपाउँ भनी गर्नु भएको बहस सुनियो।

८. विपक्षी झापा जिल्ला अदालतकातर्फबाट उपस्थित हुनुभएका विद्वान उपन्यायाधिवक्ता श्री शान्ति न्यौपानेले झापा जिल्ला अदालतको फैसलाउपर पुनरावेदन परेकोमा उच्च अदालत विराटनगर, इलाम इजलासबाट झापा जिल्ला अदालतको फैसला सदर गर्ने गरी फैसला भएपश्चात बेरुजु कैद जरिवाना भुक्तानको प्रयोजनार्थ पक्राउ गरिएको र दुई तहबाट फैसला भई फैसला अन्तिम भएकाले प्रस्तुत बन्दी प्रत्यक्षीकरणको निवेदन खारेज गरिपाउँ भनी गर्नु भएको बहससमेत सुनियो।

९. प्रस्तुत रिट निवेदनमा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु पर्ने हो वा होइन ? भन्ने विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

१०. — निर्णयतर्फ विचार गर्दा, ठगी मुद्दामा झापा जिल्ला अदालतबाट भएको फैसलाउपर उच्च अदालत विराटनगर, इलाम इजलास समक्ष पुनरावेदन दायर गरी झापा जिल्ला अदालतबाट भएको सो फैसला सदर भएकोमा मैले न्याय प्रशासन ऐन, २०७३ को दफा १२ बमोजिम सर्वोच्च अदालतमा निवेदन दिन पाउने अवस्थासमेत विद्यमान रहेकोमा उच्च अदालत विराटनगर, इलाम इजलासबाट फैसला भई पूर्णपाठ तयार नहुँदै मलाई फैसला कार्यान्वयन प्रयोजनार्थ थुनामा पठाएको कार्य फैसला अन्तिमताको सिद्धान्त र कार्यविधि कानूनको पूर्ण पालना नहुनुका साथै अन्तिम फैसलाले अपराध घोषित नगरेसम्म निर्दोष सरह व्यवहार गर्नु पर्ने भन्ने अपराध कानूनको सिद्धान्त विपरीत भएको हुँदा बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरी थुना मुक्त गरिपाउँ भन्नेसमेत व्यहोराको रिट निवेदन र झापा जिल्ला अदालतको फैसलाउपर परेको पुनरावेदनमा उच्च अदालत विराटनगर, इलाम इजलासबाट झापा जिल्ला अदालतको फैसला सदर गर्ने गरी फैसला भएपश्चात बेरुजु कैद जरिवाना भुक्तानको प्रयोजनार्थ पक्राउ गरिएको र दुई तहबाट फैसला भई फैसला अन्तिम भएकाले प्रस्तुत बन्दी प्रत्यक्षीकरणको निवेदन खारेज गरिपाउँ भन्नेसमेत व्यहोराको झापा जिल्ला अदालतको लिखित जवाफ रहेको देखियो।

११. रिट निवेदन, लिखित जवाफ व्यहोरा तथा सो साथ संलग्न सुरु झापा जिल्ला अदालतबाट ०७४-CR-०३७२ को नेपाल बैंक लि. धुलाबारी शाखाका प्रबन्धकको जाहेरीले नेपाल सरकार वादी र यी निवेदकसमेत प्रतिवादी भएको ठगी मुद्दामा मिति २०७८।०९।२३



Scanned with CamScanner

मा भएको फैसलाको प्रतिलिपि हेर्दा प्रतिवादीहरू राजकुमार श्रेष्ठसमेतले अभियोग दावीको ठगीको कसूर गरेको ठहऱ्याई निवेदक प्रतिवादीलाई मुलुकी ऐन ठगीको महको ४ नं. बमोजिम एक वर्ष कैद र दश हजार रुपैयाँ जरिवाना हुने ठहर भएको देखिन्छ। सो फैसलाउपर निवेदक प्रतिवादीले उच्च अदालत विराटनगर, इलाम इजलास समक्ष मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ (२) बमोजिमको सुविधा प्राप्त गरी ०७८-CS- ०५२७ मा पुनरावेदन दर्ता गरी कारवाहीरत रहेकोमा उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०८१।२।३० मा सुरु झापा जिल्ला अदालतको फैसला सदर हुने गरी फैसला भएको CMS प्रणालीमा देखिएको, निजले पुनरावेदन गर्न सक्ने अवस्था नरहेकाले बेरूजु कैद जरिवानाको भुक्तानको प्रयोजनार्थ पक्राउ गरी कैदी पूर्जी दिई कारागारमा कैदमा राख्न पठाएको भन्ने झापा जिल्ला अदालतको लिखित जवाफबाट देखिन आउछ। उक्त मिति २०८१।२।३० को मुद्दा व्यवस्थापन प्रणाली (Case Management System) अन्तर्गत उच्च अदालत विराटनगर, इलाम इजलासबाट प्रकाशित दैनिक पेशी सूचीमा उक्त मुद्दा फैसला भई **सुरू सदर** जनिएको देखिन आएको छ।[1] विपक्षी झापा जिल्ला अदालतको लिखित जवाफमा उच्च अदालत विराटनगर, ईलाम ईजलासबाट भएको फैसलाको प्रतिलिपिसहित सुरू मिसिल प्राप्त गरेपछि निवेदकलाई पक्राउ गरी कैदी पूर्जी दिएको भन्ने देखिदैन। बहसको क्रममा विद्वान उपन्यायाधिवक्तालेसमेत फैसलाको पूर्ण पाठ उच्च अदालत विराटनगर, इलाम इजलासबाट तयार नभएको भन्ने निवेदन जिकिरलाई अन्यथा नभनी स्वीकार नै गर्नु भएको पाइयो। मुद्दाको सुनुवाइको क्रममा मुद्दा व्यवस्थापन प्रणाली अन्तर्गतको फैसला प्रविष्ट गर्ने प्रणाली (Upload System) मा उक्त फैसला प्रविष्ट भए नभएको हेर्दा प्रबिष्ट भएको देखिन आएन।

१२. मुद्दाको फैसला तयार भई प्रमाणीकरण भएपछि प्रमाणीकरण भएका फैसलाको विवरण प्रत्येक हप्ता अदालतले आफ्नो सूचना पाटीमा टाँस गरी आफ्नो वेबसाईटमासमेत राख्नुपर्ने अनिवार्यता मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ को उपदफा (१०) मा रहेकोमा वेबसाईटमा राखिएको नदेखिएबाट प्रस्तुत रिट निवेदनको सुनुवाईको

[1] www.supremecourt.gov.np/appeal/syspublic.php?d=reports&f=courtselect&courtid=15, हेरिएको मिति २०८१।७।२६



Scanned with CamScanner

दिनसम्म इलाम ईजलासबाट फैसलाको पूर्ण पाठ तयार नभएको तथ्यमा विवाद रहेन। उक्त फैसलाको पूर्णपाठ तयार नहुँदै अदालतको मुद्दा व्यवस्थापन प्रणाली अन्तर्गतको दैनिक पेशी सूचीमा सुरू सदर भन्ने जनाएको मुद्दाको अबस्था (Status) लाई हेरी निवेदकलाई पक्राउ गरी च.नं. ६०१/०८१/८२, मिति २०८१।५।३० को कैदी पूर्जीबाट बेरूजु कैद असुल गर्न कारागार कार्यालयमा पठाएको देखिन आयो।

१३. मिसिल संलग्न उक्त कैदी पूर्जीमा फैसलाबमोजिम ठहरेको जरिवाना प्रतिवादीले दाखिल गरेको धरौटीबाट कट्टा हुने गरी ठहरेको एक बर्ष कैदवापतमा निज प्रतिवादी प्रहरी तथा न्यायिक हिरासतमा बसी ०-०-२० (बीस) दिन कैद भुक्तान भइसकेको हुँदा बेरूजु कैद ०-११-१० ( एघार महिना दश दिन) कैदमा राख्न पठाएको भन्ने देखिन आएको छ। सुरू झापा जिल्ला अदालतको फैसलाबाट निवेदकलाई ठगीको कसूरदार ठहरी भएको फैसलाउपर परेको पुनरावेदनको सुनुवाइबाट सुरू जिल्ला अदालतको फैसला सदर भई फैसला भएको भन्ने तथ्य स्थापित रहेको र सो तथ्यलाई निवेदकले आफ्नो निवेदनमा पनि स्वीकारै गरेको देखिँदा सो फैसलाबमोजिम कैदी पूर्जी दिई कारागारमा कैदमा राख्न पठाएको अवस्थामा सारभूतरूपमा यस्तो थुनालाई गैरकानुनी मान्न नमिल्ने भएबाट निवेदन मागबमोजिमको बन्दी प्रत्यक्षीकरणको आदेश जारी हुन सक्ने अवस्था रहेन।

१४. विपक्षीबाट पेश भएको लिखित जवाफमा निवेदकलाई फैसला कार्यान्वयनको क्रममा थुनामा राखिएको भन्ने उल्लेख भएको देखिन्छ। अदालतबाट भएको फैसला कार्यान्वयन हुनुपर्दछ। यसमा विवाद हुन सक्दैन। अदालतले फैसला गर्ने तर कार्यान्वयन नहुने हो भने फैसला कागजी बन्न पुग्दछन्। परिणामतः न्याय पराजित हुन पुग्दछ। त्यसैकारण मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को दफा १५१ को उपदफा (४) मा कैद सजाय पाउने व्यक्ति अदालतमा उपस्थित रहेको भए निजलाई अदालतले कारागार चलान गरी पठाउनु पर्नेछ, उपस्थित भएको रहेनछ वा थुना कैदमा पनि बसेको रहेनछ भने निजलाई पक्राउ गरी कारागारमा बुझाउने गरी सम्बन्धित प्रहरी कार्यालयलाई आदेश गरी पठाउनु पर्दछ भन्ने व्यबस्था गरिएको हो। यस्तै कानुनी प्रबन्ध उक्त संहिताको दफा १५३ को उपदफा (३) मा पनि गरिएको छ।[२] अदालतबाट कुनै मुद्दाको फैसला भएपछि सम्बन्धित

[२] *दफा १५३(३)- उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस संहितामा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै कसुरदारलाई कैदको सजाय हुने ठहरी फैसला भएकोमा त्यस्तो कसूरदारलाई तत्काल कैदमा पठाउनु पर्नेछ।*



Scanned with CamScanner

अदालतले त्यस्तो फैसलाबमोजिम लागेको दण्डजरिवाना वा ठहरेको बिगो वा क्षतिपूर्तिको तयार भएको लगत माथिल्लो तहको अदालतको फैसलाले फेरबदल नगरेसम्म कायमै रहन्छ। त्यस्तो कायमी लगत असुल गरी फैसला कार्यान्वयन गर्नुपर्दछ भन्ने मान्यता राखिन्छ। तर सुरू अदालत वा निकायबाट भएको फैसला नै अन्तिम नहुन पनि सक्दछ। कानुनले पुनरावेदन लाग्ने व्यवस्था गरेकोमा तोकिएको म्यादभित्र पुनरावेदन गर्ने सम्बन्धित पक्षको कानुनी अधिकार रहन्छ। फैसला कार्यान्वयन गर्दा मुद्दाका पक्षको पुनरावेदन गर्न पाउने कानुनी हकमा बन्देज लगाउने वा संकुचन ल्याउने गरी स्वच्छ सुनुवाइको सिद्धान्तमा असर पर्ने गरी गर्न उपयुक्त हुने देखिँदैन।

१५. उच्च अदालतको वा त्यस्तै अन्य निकाय वा न्यायाधिकरणको फैसलाउपर पुनरावेदन नलाग्ने अवस्थामा निश्चित आधारमा यस अदालतमा मुद्दा दोहोऱ्याई हेरिपाउन वा पुनरावेदनको अनुमति पाउन निवेदन गर्ने सुविधा कानुनले प्रदान गरेको हुन सक्दछ। न्याय प्रशासन ऐन, २०७३ को दफा ७ को उपदफा (४) मा जिल्ला अदालतको, दफा ८ को उपदफा (३) मा उच्च अदालतको र दफा ९ को उपदफा (१) मा यस अदालतको पुनरावेदकीय क्षेत्राधिकारको व्यवस्था गरिएको छ भने दफा १२ मा यस अदालतले मुद्दा दोहोऱ्याई हेर्न सक्ने व्यवस्था रहेको छ। त्यस्तै अन्य विशेष कानुनहरूमासमेत विभिन्न तहका अदालतहरूलाई पुनरावेदकीय क्षेत्राधिकारसमेत प्रदान गरिएका छन्।

१६. यसरी कानुनमा प्रबन्ध गरिएबमोजिम पुनरावेदन गर्न पाउने कानुनी अधिकारको प्रयोग भई मुद्दाका पक्षको माथिल्लो अदालतमा पुनरावेदन परेको भए पुनरावेदनको रोहबाट मुद्दाको अन्तिम किनारा नभएसम्म फैसला कार्यान्वयन स्थगन गर्नु पर्ने हुन्छ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५३ को उपदफा (१) र सोको खण्ड (क) मा उल्लेख भएअनुसार कानुनबमोजिम पुनरावेदन लाग्न सक्ने मुद्दामा पुनरावेदन परेको भए पुनरावेदनको रोहबाट मुद्दाको अन्तिम किनारा नभएसम्म वा पुनरावेदन नपरेकोमा पुनरावेदन लाग्न सक्ने म्याद भुक्तान नभएसम्म फैसला कार्यान्वयन स्थगन गर्नु पर्दछ। त्यसैले सम्बन्धित पक्षको पुनरावेदन परेमा वा पुनरावेदन लाग्न सक्ने म्यादसम्म मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५१ को उपदफा (४) वा दफा १५३ को उपदफा (३) मा कैदको सजाय पाउने ठहरी फैसला भएका कसूरदारलाई तत्काल कैदमा राख्न कारागार पठाउनु पर्दछ भन्ने व्यवस्थाको पूर्ण कार्यान्वयन हुन सक्ने



Scanned with CamScanner

देखिदैन। परिणामतः कैद ठेकी फैसला कार्यान्वयन प्रयोजनार्थ कैदमा राख्न कारागार पठाएकोमा पनि कैद सजाय स्थगन गर्नुपर्दछ। पुनरावेदन गर्न पाउने म्याद बाँकी रहेको र पुनरावेदन गर्ने नै हुँदा पुनरावेदनको अवधिसम्म दण्डजरिवाना असुल नगरी स्थगन गरिपाऊँ भनी सम्बन्धित पक्षले धरौट वा जमानत दिएमा दफा १३७ को उपदफा (१),(२),(३),(४) को अधीनमा रही सो धरौट वा जमानत स्वीकार गर्न सक्ने र धरौट वा जमानत स्वीकार गरेको अवस्थामा सो मुद्दाको फैसलाबमोजिमको कैदको असुली स्थगन गर्नु पर्ने हुन्छ।

१७. कानुनबमोजिम पुनरावेदन नलाग्ने मुद्दामा न्याय प्रशासन ऐन, २०७३ को दफा १२ बमोजिम यस अदालतमा मुद्दा दोहोऱ्याई हेरिपाउँ भन्ने निवेदन लाग्ने व्यवस्था छ। कानुनमा भएको यो व्यवस्थाको संरचना र बनौटबाट नै मुद्दा दोहोऱ्याई पाउँ भन्ने निवेदन दिने पक्षको पुनरावेदकीय अधिकार नभई कानूनले परिभाषित गरेका निश्चित आधारमा मुद्दा दोहोऱ्याई हेर्नका लागि यस अदालतलाई प्रदान गरेको एक विशिष्ट अधिकार रहेको र पक्षका लागि प्रदान गरिएको सुबिधासम्म हो भन्ने बुझ्न सकिन्छ। मुद्दा दोहोऱ्याई हेरिपाऊँ भन्ने निवेदन परेको कारणले मात्र फैसला कार्यान्वयनको काम कारवाही रोकिँदैन। तर पुनरावेदन तहको अदालतले अन्यथा आदेश दिएमा फैसला कार्यान्वयन रोकिने हुँदा यस अदालतले तल्लो तहको अदालतको फैसलाबाट लागेको कैदवापतमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ बमोजिम जमानत स्वीकार गरी निवेदन दर्ता गरेमा त्यस्तो दण्डजरिवानाको असूली वा फैसला कार्यान्वयन स्थगन भएको रूपमा लिनुपर्ने हुन्छ।

१८. मुद्दा दोहोऱ्याई हेरिपाऊँ भन्ने निवेदनमा पनि मुलुकी ऐन अदालती बन्दोबस्तको १९४ नं. बमोजिमको सुविधा प्रदान गर्न मिल्ने गरी *निवेदक शशिकान्त तिवारी वि. सशस्त्र प्रहरी बल सुरक्षा वेस क्याम्प पिपरासमेतको जाहेरीले नेपाल सरकार* भएको बेरीतको आदेश बदर गरी अ.बं. १९४ नं. को सुबिधा पाऊँ भन्ने निवेदनमा यस अदालतको बृहत पूर्ण इजलासबाट व्याख्या भई सुविधा पाउने गरी कानुनी सिद्धान्त प्रतिपादन भएको छ।[३] साविक मुलुकी ऐन अदालती बन्दोबस्तको महलको उक्त दफा १९४ नं. को जस्तै कानुनी प्रबन्ध हालको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ मा रहेकाले उक्त व्याख्या हालको सन्दर्भमा पनि लागू हुने नै देखिन्छ। यस अदालतबाट

[३] नेपाल कानुन पत्रिका २०७४, अङ्क ७, निर्णय नं.९८३४



Scanned with CamScanner

भएको सोही व्याख्यापश्चात मातहतका अदालतबाट भएका फैसलाबमोजिम लागेको दण्डजरिवानावापत दिएको जमानत स्वीकार गरी मुद्दा दोहोऱ्याई हेरिपाऊँ भनी पर्ने गरेका निवेदनमा निवेदकलाई तारिखमा राख्ने अभ्यास रही आएको छ। तसर्थ, **शशिकान्त तिवारीको निवेदनमा यस अदालतबाट साविक मुलुकी ऐन अदालती बन्दोवस्तको १९४ नं. को भएको ब्याख्याका आधारमा सुरू जिल्ला अदालतबाट प्रतिवादीलाई कसूरदार ठहरी भएको कैदको सजाय नै उच्च अदालतबाट सदर भएकोमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ को अधीनमा आफूलाई लागेको कैदवापत जमानत दिई कैदमा नबसी मुद्दा दोहोऱ्याई हेरिपाउँन निवेदन दर्ता गरी कारवाहीमा रहन पाउने नै देखियो।**

१९. प्रस्तुत निवेदनमा निवेदक/यी प्रतिवादीउपर झापा जिल्ला अदालतमा ठगी मुद्दाको अभियोजन भई थुनछेकको क्रममा धरौट माग भई पूर्पक्षमा रहेकामा फैसला हुँदा १ (एक) वर्ष कैद र रु. १०,०००।- (दश हजार रुपैयाँ) जरिवानाको सजाय भएको देखिन्छ। सो फैसलाउपर यी निवेदकले उच्च अदालत विराटनगर इलाम इजलासमा पुनरावेदन गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ बमोजिमको सुविधा प्राप्त गरी कारवाहीमा रहेको भन्ने निवेदनसमेतबाट खुल्न आएको छ। जिल्ला अदालतबाट भएको सो फैसलाउपर परेको पुनरावेदनमा सुरू सदर जनिएको मिति २०८१।२।३० को मुद्दा व्यवस्थापन प्रणाली (Case Management System) अन्तर्गत उच्च अदालत विराटनगर, इलाम इजलासबाट प्रकाशित दैनिक पेशी सूचीबाट देखिन आएबाट सो फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्ने नभई मुद्दा दोहोऱ्याई हेरिपाउँ भन्ने निवेदन लाग्न सक्ने देखियो। यस्तो निवेदन मुद्दा फैसला गर्ने अदालत वा सोझै यस अदालतमा दिन सकिने गरी मुद्दाका पक्षको सुबिधामा छोडिएको छ। **यस्तो निवेंदनमा समेत यस अदालतबाट प्रतिपादित उपरोक्त कानूनी सिद्धान्तसमेतका आधारमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७(२) बमोजिमको सुविधा माग गर्न र पाउन सक्ने अवस्था रहेकाले त्यसरी निवेदन गरी सुविधा पाएको अवस्थामा तत्कालै कैदमा बस्नु नपर्ने अवस्था रहन सक्दछ।**



Scanned with CamScanner

२०. सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ६४ (१) मा मुद्दा दोहोऱ्याई पाउँ भन्ने निवेदन दिंदा उच्च अदालतको फैसलाको प्रमाणित नक्कल संलग्न गर्नुपर्ने अनिवार्य व्यवस्था रहेको छ। परिणामतः फैसलाको पूर्णपाठ तयार भएपश्चात मात्र सो समेत संलग्न गरी न्याय प्रशासन ऐन, २०७३ दफा १२ बमोजिम यस अदालतमा निवेदन गर्न सक्ने देखियो। मुद्दा दोहोऱ्याई हेरिपाऊं भनी दिइने निवेदनमा पनि फैसलाका चित्त नबुझेका बुँदाको उल्लेखन वा खण्डन समेत गरिने हुँदा उच्च अदालतको मुद्दा व्यवस्थापन प्रणालीमा मुद्दाको फैसलाको अवस्था (Status) जनिएको भन्ने आधारमा मात्र पक्षले त्यस्तो निवेदन दिन सक्ने अवस्था रहदैन। फैसलाको पूर्णपाठ समयमा तयार नभई त्यस्तो पूर्णपाठ मुद्दाका पक्षले नपाउँदासम्म मुद्दा दोहोऱ्याई पाऊँ भन्ने निवेदन दिन र कैदमा नबसी सुविधा लिई मुद्दाको कारवाहीमा रहन पाऊँ भन्न सक्ने वैधानिक आधार तयार हुन सक्ने देखिदैन।

२१. निवेदकलाई सुरु झापा जिल्ला अदालतले कैद र जरिवाना गर्ने गरेको फैसला मिति २०८१।०२।३० मा सदर गरेको भनिएको इलाम इजलासको फैसलाको पूर्णपाठ निवेदक पक्राउ परेको मिति २०८१।५।३० सम्म र प्रस्तुत रिट निवेदनको सुनुवाई हुंदासम्म तयार भएको देखिदैन। फैसलाको पूर्णपाठ तयार नभएका कारण मुद्दा दोहोऱ्याई पाउन निवेदन दिन नपाएको र फैसलाको पूर्णपाठ तयार नभई पक्राउ गरी कैदमा पठाएको विषयलाई नै निवेदकले प्रस्तुत रिटमार्फत चुनौती दिएको अवस्था छ। फैसलाको पूर्णपाठ समयमा तयार भएको भए सो समेत संलग्न गरी उच्च अदालत इलाम इजलासमार्फत वा सोझै यस अदालतमा मुद्दा दोहोऱ्याई हेरिपाऊँ भनी निवेदन दिन र सोको साथमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ को उपदफा (२) बमोजिमको सुविधा प्राप्त गर्न निवेदन दिई त्यस्तो सुविधा प्राप्त गर्न सक्ने अवस्था रहन सक्दथ्यो तर फैसलाको पूर्णपाठ समयमा तयार नभएको कारण निवेदकले उक्त न्यायिक प्रक्रियाको अवलम्बन र अनुशरण गर्नबाट बञ्चित भई जिल्ला अदालतको कैदी पूर्जीबाट कैदमा बस्नु परेको अवस्था देखिन आयो। उच्च अदालत विराटनगर, इलाम इजलासले मिति २०८१।०२।३० मा गरेको फैसलाको पूर्णपाठ मनासिब समयभित्र[४] वा हालसम्म पनि तयार/प्रमाणीकरण नगरेको कारण निवेदकले यस अदालतमा मुद्दा दोहोऱ्याई हेरी पाउन

[४] *मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ को उपदफा (४) मा न्यायाधीशले फैसलाको पूर्ण लेख तयार नगरी निर्णय मात्र सुनाएकोमा एक्काइस दिनभित्र फैसला लेखी मिसिल संलग्न राख्नुपर्ने व्यवस्था छ।*



Scanned with CamScanner

र सोको साथमा कैदमा नबसी मुद्दाको पूर्पक्षमा रहन पाउन निवेदन गर्न नपाई सो सुविधाबाट बञ्चित रहनु परेको अवस्थालाई न्यायको रोहबाट स्वभाविक र सहज मान्न सकिदैन।

२२. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३१ को उपदफा (४) बमोजिम फैसला गर्दा न्यायाधीशले आफ्नो फैसलाको पूर्ण लेख तयार भएकोमा त्यस्तो पूर्ण लेख र तयार नभएकोमा आफ्नो निर्णयसम्म मात्र सुनाउन सक्दछ। त्यसरी निर्णय सुनाएकोमा न्यायाधीशले एक्काइस कार्य दिनभित्र फैसला लेखी तयार गरी त्यसरी तयार गरिएको फैसलामा फैसला तयार भएको मितिसमेत उल्लेख गरी न्यायाधीशले हस्ताक्षर गरी प्रमाणीकरण गर्नुपर्ने, तयार भई प्रमाणीकरण भएका फैसलाको विवरण अदालतले प्रत्येक हप्ता आफ्नो सूचना पाटीमा टाँस गरी आफ्नो वेबसाइटमा समेत राख्नुपर्दछ। उच्च अदालत नियमावली, २०७३ को नियम १६४ख को उपनियम (३) बमोजिम न्यायाधीशहरूको दस्तखत भईसकेपछि फैसला वा अन्तिम आदेश अदालतको वेबसाइटमा प्रबिष्ट (अपलोड) गरिने अनिवार्यता रहेको छ। अदालतको मुद्दा व्यवस्थापन सफ्टवयरमा फैसला प्रविष्ट गर्ने प्रणाली (फैसला अपलोड सिस्टम) रही प्रत्येक फैसलाको पूर्ण पाठ सफ्टवयरमा प्रबिष्ट गरिन्छ।यसको मुख्य उद्देश्य पुनरावेदन सुन्ने अदालतले तल्लो अदालतको फैसलाको विद्युतीय प्रति हेर्न र फैसला तयार गर्दा त्यस्तो विद्युतिय प्रति उतार (Download) गरी आवश्यक सम्पादन गरी फैसलाको टिपोट र अन्ततः फैसला चाँडो तयार हुन सकोस भन्ने नै हो। सुरू झापा जिल्ला अदालतले गरेको फैसला मुद्दा व्यवस्थापन सफ्टवेयरमा प्रबिष्ट गरेको अबस्थामा त्यसलाई उतार गरी ठहर खण्ड तयार गरी फैसलाको समयमा पूर्ण पाठ तयार गर्न र सफ्टवेयरमा प्रविष्ट गर्नुपर्नेमा फैसला भएको पाँच महिनासम्म पनि फैसलाको पूर्णपाठ तयार नगरेको र फैसलाको पूर्णपाठलाई मुद्दा व्यवस्थापन प्रणालीमा प्रविष्ट नगरेबाट निवेदकले कैदमा नरही तारिखमा नै बसी मुद्दा दोहोऱ्याई हेरिपाऊँ भन्ने निवेदनको कारवाहीमा संलग्न हुन पाउने सुविधाबाट बञ्चित भई कैदमा बस्नु परेको अवस्था देखिन आयो।

२३. तसर्थ, माथि प्रकरणहरूमा विवेचित आधार र कारणहरूबाट निवेदक/प्रतिवादीलाई ठगी मुद्दामा कसूरदार ठहर भई भएको सजायसमेत उच्च अदालत विराटनगर, इलाम इजलासबाट सदर भएको कारण फैसलाको कार्यान्वयन नरोकिने हुँदा बन्दी



Scanned with CamScanner

प्रत्यक्षीकरणको आदेश जारी गर्न नमिल्ने भएपनि उच्च अदालतको फैसलाको पूर्ण पाठ समयमा तयार नगरेको कारण निवेदकले धरौट जमानत लिई तारिखमा रही मुद्दा दोहोऱ्याई हेरिपाउँ भन्ने निवेदन दिई कैदमा नै नबसी मुद्दाको पूर्पक्षमा रहन पाउने सुविधाबाट वञ्चित भई कैदमा रहिरहनु परेको अवस्था देखिँदा यो आदेश प्राप्त भएको मितिले सात दिनभित्र फैसलाको पूर्ण पाठ तयार गरी प्रमाणीकरण गरी मुद्दा व्यवस्थापन सफ्टवेयरमा प्रविष्ट गर्नु, कैदमा रहेका निवेदकलाई फैसलाको प्रतिलिपि पठाई दिनु, सो फैसलाउपर इलाम इजलासमार्फत पनि यस अदालतमा निवेदन लाग्न सक्ने कानूनी व्यवस्था हुँदा त्यहाँ मार्फत निवेदकको मुद्दा दोहोऱ्याई पाउँ भन्ने निवेदन र सो साथ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ दफा १३७ (२) को सुविधा पाउँ भन्ने निवेदन परेमा हेरी कानूनबमोजिम निकासा दिनु, त्यसरी निकासा दिँदा दफा १३७(२) बमोजिमको सुविधा पाउने आदेश भएमा निवेदकलाई लागेको कैदसमेतको सजायको स्थगन गरी नियमानुसार गर्नु भनी उच्च अदालत विराटनगर, इलाम इजलास तथा अन्य विपक्षीहरूका नाममा यो रिट आदेश जारी गरिदिएको छ।

२४. प्रस्तुत फैसलाको संक्षिप्त आदेश तत्काल तयार भई संक्षिप्त आदेशको जानकारी विपक्षी तथा उच्च अदालत विराटनगर, इलाम इजलाससमेतलाई पठाई सकिएकाले प्रस्तुत रिट निवेदनको दायरीको लगत कट्टा गरी आदेशको प्रति यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

न्यायाधीश

उक्त रायमा सहमत छु।

न्यायाधीश

इजलास अधिकृतः -दिपक पोखरेल

इति संवत् २०८१ साल कार्तिक २६ गते रोज २ शुभम्................।



Scanned with CamScanner